नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह क्षमता विकास शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. ०७८/७९

च.नं. ११८

मितिः २०७९/०२/११

## स्थानीय तहका पदाधिकारीहरूको क्षमता विकासका लागि सञ्चालन गर्ने कार्यक्रमहरूमा समन्वय गर्ने सम्बन्धी सूचना

सम्बत् २०७९ साल बैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भई अधिकांश गाँउपालिका /नगरपालिकाको निर्वाचन परिणाम आईसकेको अवस्था छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली,२०७४ अनुसार सार्वजनिक पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी नीति तथा मापदण्डको तय गर्ने जिम्मेवारी यस मन्त्रालयको रहेको र नवनिर्वाचित पदाधिकारीहरूका लागि स्थानीय शासन तथा स्थानीय विकास सम्बन्धी अभिमुखीकरण गर्न यस मन्त्रालयले तयारी गरिरहेको छ।

विगतमा विभिन्न निकायहरूबाट स्थानीय तहका पदाधिकारीहरूका लागि अभिमुखीकरण एवम् क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा त्यस्ता कार्यक्रमहरूमा प्रस्तुत विषयवस्तुहरूमा एकरूपता नहुँदा स्थानीय पदाधिकारीहरूको बुझाई र सिकाईमा द्विविधा एवम् अन्यौलता सृजना भएको पाईएको छ। यसर्थ स्थानीय तहका पदाधिकारी लक्षित अभिमुखीकरण, प्रशिक्षण तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरूको प्रभावकारिता बढाई त्यस्ता कार्यक्रमहरूमा प्रस्तुत गरिने विषयवस्तुहरूमा एकरूपता एवम् उपयुक्तता कायम गर्नका लागि यस सम्बन्धी जुनसुकै क्रियाकलाप सञ्चालन गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्नुपूर्व यस मन्त्रालयलाई जानकारी गराई स्रोत सामग्री तथा मोड्यूल(पावरप्वाइन्ट) मन्त्रालयको समन्वयमा उपयोग गर्नु/गराउनुहुन यस मन्त्रालय(मा.मन्त्रीस्तर)को मिति २०७८/०२/१० को निर्णयानुसार अनुरोध गरिन्छ।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनुहुन ।

२/११

..................

हेमराज अर्याल

उपसचिव